आज मिति २०७९।०२।०७ गतेका दिन हरिहरपुरगढी गाउँपालिकाको १४औं गाउँसभा गाउँपालिका अध्यक्ष श्री वज्रध्वज वाईवाज्यूको सभाध्यक्षतामा गाउँ सभा वसी देहायमा उल्लेखित सदस्यज्यूहरुको उपस्थितिमा विभिन्न प्रस्तावहरु माथि छलफल भई निर्णय गरियो ।

उपस्थिति

| सि.न. | पद | वडा नं. | नाम थर | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | वज्रध्वज वाईवा | |
| २ | उपाध्यक्ष | | चेख बहादुर थिङ | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | जित बहादुर थिङ | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | विश्व राई | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | कुल बहादुर भोलन | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | करान कुमार राई | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | साईला लामा | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | यक बहादुर मुक्तान | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | बिच बहादुर मोक्तान | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | धन बहादुर मुक्तान | |
| ११ | सदस्य | वडा नं. १ | माया वति घलान | माया |
| १२ | सदस्य | वडा नं. १ | गौरीमाया वि क | गौरी |
| १३ | सदस्य | वडा नं. १ | सुशिल थिसिङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| ३० | सदस्य | वडा नं. ५ | गज वहादुर योन्जन | |
| ३१ | सदस्य | वडा नं. ६ | श्रीमाया मुक्तान | |
| ३२ | सदस्य | वडा नं. ६ | फुल माया सुन्चुरी | |
| ३३ | सदस्य | वडा नं. ६ | कान्छालाल वाईवा | |
| ३४ | सदस्य | वडा नं. ६ | साईराम मुक्तान | |
| ३५ | सदस्य | वडा नं. ७ | शान्तीमाया घलान | |
| ३६ | सदस्य | वडा नं. ७ | दिल कुमारी कामी | |
| ३७ | सदस्य | वडा नं. ७ | धनविर वाईवा | |
| ३८ | सदस्य | वडा नं. ७ | धन वहादुर मुक्तान | |
| ३९ | सदस्य | वडा नं. ८ | छलीमाया मुक्तान | |
| ४० | सदस्य | वडा नं. ८ | दुर्गा माय विक | |
| ४१ | सदस्य | वडा नं. ८ | चमार रि। बल | |
| ४२ | सदस्य | वडा नं. ८ | कारसाङ लामा | |
| ४३ | प्रमुख प्रशासकीय अधिकृत | | नविन गङतान लामा | |

प्रस्तावहरु:

१. सार्वजनिक जग्गा संरक्षण सम्वन्धमा ।
२. गाउँपालिका कार्यालय परिसरको व्यवस्थापन र सौदर्यकरण सम्वन्धमा ।
३. क्यानेश्वर मा.वि. लाई आवसीय विद्यालय निर्माण गर्ने सम्वन्धमा ।
४. वागमती प्रदेश सरकारसँग विद्यालय वस माग गर्ने सम्वन्धमा ।
५. झ्याडी स्वास्थ्य चौकी र क्यानेश्वर स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रकोरुपमा स्तरोन्नती तथा एमविविएस डाक्टरलाई करार सेवामा राख्ने सम्वन्धमा ।
६. सहकारी मार्फत कृषि र पशुपालनलाई व्यवसायिकरण गरी एक घर एक रोजगारीको अवधारणालाई अगाडी वढाउने सम्वन्धमा ।
७. हरिहरपुरगढीलाई पर्यटकीय गन्तब्यकोरुपमा विकास गर्ने सम्वन्धमा ।
८. सुत्केरी,असक्त, अपाङ्गहरुलाई निःशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराउने सम्वन्धमा ।
९. गाउँपालिकाको आवधिक योजना तर्जुमा सम्वन्धमा ।
१०. प्राकृतिक तथा मानव निर्मित कुण्डलाई पर्यटकीय प्रवर्द्धन सम्वन्धमा ।
११. ईलाका प्रहरी कार्यालय माग गर्ने सम्वन्धमा ।

निर्णयहरु:

१. प्रस्ताव नं. १ मा छलफल गर्दा हरिहरपुरगढी गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाको संरक्षण गर्नु स्थानीय सरकारको प्रमुख दायित्व भएकोले गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गा पहिचान गरी पहिचान भएका जग्गाको संरक्षण गर्ने निर्णय गरियो । साथै जग्गाको संरक्षण गर्दा अवरोध सृजना खडा भएमा प्रहरी प्रशासन मार्फत कार्य अगाडी वढाउने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ मा छलफल गर्दा यस हरिहरपुरगढी गाउँपालिकाको कार्यालय परिसर अव्यवस्थित रहेकोले सो परिसर भित्र रहेका सामाग्रीहरु, क्यान्टिन लगायतका पूर्वाधारलाई व्यवस्थित गर्ने र कार्यालय परिसरमा फूलवारी वगैचा निर्माण गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ मा छलफल गर्दा हरिहरपुरगढी गाउँपालिका वडा नं. ६, ७ र ८ भित्र रहेका विद्यार्थीहरुलाई विद्यालयसम्म आवत जावतमा कठिनाई भई विद्यार्थीहरुको विद्यालय छाडने दर उच्च रहेकोले श्री क्यानेश्वर मा.वि., पान्तलेलाई आवाशीय विद्यालयकोरुपमा विकास गरी शैक्षिक गुणस्तरमा सुधारको सुरुवात गर्न आवश्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ मा छलफल गर्दा हरिहरपुरगढी गाउँपालिका वडा नं. १ देखि ५ सम्म मदन भण्डारी राजमार्ग आसपासका विद्यार्थीहरुलाई विद्यालय आउन जान सहजका लागि वागमती प्रदेश सरकार समक्ष स्कूल वस उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ मा छलफल गर्दा झ्याडी र क्यानेश्वर स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा सञ्चालन गर्न पर्याप्त पूर्वाधार रहेकोले सो चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रकोरुपमा सञ्चालन गर्न आवश्यक एमविविएस डाक्टरको व्यवस्था गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ मा छलफल गर्दा "एक घर एक रोजगार" भन्ने हरिहरपुरगढी गाउँपालिकाको नारालाई साकार रुप दिन पालिका स्तरमा कृषि र पशुपालन क्षेत्रलाई व्यवसायिक वनाउन सहकारी संस्था मार्फत कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ मा छलफल गर्दा ऐतिहासिक हरिहरपुरगढी किल्लाको संरक्षण, सौदर्यकरण गरि पर्यटकीय गन्तब्यकोरुपमा विकास गर्न आवश्यक सडक, खानेपानी, अतिथि गृह लगायतका पूर्वाधार विकासको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ मा छलफल गर्दा गाउँपालिकाका सुत्केरी, अशक्त, अपाङ्गहरुलाई अस्पतालसम्म पुर्याउनको लागि नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ मा छलफल गर्दा हरिहरपुरगढी गाउँपालिकाको व्यवस्थित विकासको लागि विभिन्न विषय विज्ञहरुको सहयोगमा गाउँपालिकाको आवधिक योजन तयार पार्ने निर्णय गरियो।

१०. प्रस्ताव नं. १० मा छलफल गर्दा हरिहरपुरगढी गाउँपालिका वडा नं. ७ कुण्डमा रहेको प्राकृतिक तथा मानव निर्मित कुण्ड पोखरीको संरक्षण र विकास गरी पर्यटकीय क्षेत्रकोरुपमा विकास गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ मा छलफल गर्दा हरिहरपुरगढी गाउँपालिका भित्र ४ स्थानमा प्रहरी चौकी कार्यरत रहेको तर ईलाका प्रहरी कार्यालय नभएको हुँदा थप शान्ति सुरक्षा कायम राख्न गाउँपालिका स्तरमा ईलाका प्रहरी कार्यालय स्थापनाको लागि नेपाल सरकार, गृह मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

CamScanner